# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।......

श्री प्रमुखज्यू,
राक्सिराङ्ग गाउँपालिका कार्यालय,
राक्सिराङ्ग, मकवानपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट राक्सिराङ्ग गाउँपालिका कार्यालयको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६९ लाख ९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख १७ हजार, नियमित गर्नुपर्ने रु.५१ लाख ५६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१६ लाख ३६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।३ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधार बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १६ यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# राक्सिराङ्ग गाउँपालिका कार्यालय
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकार सञ्चालन गर्ने उद्देश्यले राक्सिराङ्ग गाउंपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु राक्सिराङ्ग गाउंपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा रहेका छन् । २२६.७० व.कि.मि. क्षेत्रफलमा फैलिएको र कूल जनसंख्या २६,१९२ रहेको यो गाउंपालिका ३ नं. प्रदेशमा रहेको छ ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | बिबरण | रकम | | बिबरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | १४२,३१९,७६१/८१ |
| | (क) नगद | | २ | **पूँजीगत खर्च** | १४३,२९२,२१४/- |
| | (ख) बैंक | ७,१५०,०००/- | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | - |
| | (क) आन्तरिक राजस्व | १,५५८,३९०/- | | ख) ब्याज भुक्तानी | - |
| | (ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | (ग) अन्य आय | | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | |
| | (क) वित्तीय समानीकरण अनुदान | २०४,०४८,०००/- | | शेयर लगानी | |
| | (ख) सशर्त अनुदान | ११७,३४९,७४८/३१ | | अन्य लगानी | |
| | (ग) समपूरक अनुदान | | ५ | **धरौटी फिर्ता** | ५१५,३७४/- |
| | (घ) विशेष अनुदान | | ६ | **कोष खर्च** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | |
| | क) वित्तीय समानीकरण अनुदान | | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात | |
| | ग) समपूरक अनुदान | | ८ | बैंक संचित कोषतर्फ | ४५,४२१,८३४/५० |
| | घ) विशेष अनुदान | | ९ | बैंक धरौटी कोषतर्फ | २७५,५५०/- |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ९२७,६७२/- | | | |
| १० | **धरौटी आय** | ७९०,९२४/- | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विविध आय (सामाजिक सुरक्षा रकम बैंकबाट फिर्ता)** | - | | | |
| | **जम्मा** | **३३१,८२४,७३४/३१** | | **जम्मा** | **३३१,८२४,७३४/३१** |

***नोट :*** *माथिको तालिकामा बेरुजू दाखिला भएको रु.२,१०,०००/- र निकासा फिर्ता रु.९५,१०,२५१।६९ समावेश छैन ।*

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाउसभाबाट २०७४।३।३० मा बजेट स्वीकृत भएकोमा ऐन अनुसार अख्तियारी दिएको नदेखिएकोले ऐनको व्यवस्था पालना गर्नुपर्दछ । | |
| २. | **बजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथै गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पहिलो पटक २०७४।३।३० मा बजेट पारित भएकोमा पुनः २०७५।१।७ मा बजेट पारित गरेकोले समयमा तोकिएको कार्य सम्पन्न भएको देखिएन । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरेको देखिएन । | |
| ४. | **स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा तदनुरुप गरेको पाइएन । | |
| ५. | **न्यायिक समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(१०) बमोजिम न्यायिक समितिले विवादमा मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने र दफा ५३(२) बमोजिम न्यायिक समितिले आफुले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकामा न्यायिक समिति गठन गरेको देखिएन । पालिकाले विवाद सम्बन्धी उजुरीको विवरण पेश नगरेकोले थप विश्लेषण गर्ने अवस्था छैन् । उल्लेखित नियम बमोजिम न्यायिक समिति गठन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिएको छ । | |
| ६. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तदनुरुपको समिति गठन गरेको देखिएन । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ७. | **स्थानीय तथ्याङ्क र अभिलेख** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुंदा यसतर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रियस्तरका आयोजनामध्ये सबै आयोजनाको सोही नियम बमोजिम अनुसूची २ को ढाँचामा प्रगति विवरण दिएको देखिएन । | |
| ९. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रमको नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १४ प्रतिशत, दोश्रो चौमासिकमा १७ प्रतिशत र तेश्रो चौमासिकमा ६९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा २२.७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| १०. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ४३ रहेपनि पदपूर्ति २० रहेको देखियो । ५ अधिकृत सहित २३ पद रिक्त रहेका छन । तीमध्ये ३ जना करारमा राखी कार्य सञ्चालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नुपर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| ११. | **विशेष भत्ता** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । केन्द्रीय चालु अनुदानबाट यो वर्ष विभिन्न कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु.३,६०,०००।- र सञ्चार भत्ता रु.६२,०००।- समेत रु.४,२२,०००।- खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख नगरी कार्यपालिकाबाट निर्णय तथा परिषदबाट अनुमोदन गराई कन्टिन्जेन्सीबाट उक्त खर्च लेखेको देखिंदा स्पष्ट कार्यविधि बनाउनु पर्दछ । | |
| १२. | **पदाधिकारी सुविधा** : यस पालिकाले भौ.नं. २३९ मिति २०७५।३।१० बाट पदाधिकारी सुविधा वापत (२०७४।२।७ देखि २०७५ आषाढसम्मको) ५३ जना पदाधिकारीहरुलाई रु.५८,४२,३४०।- भुक्तानी गरेको देखियो । सोको अलावा संचार सुविधा वापत पदाधिकारीहरुलाई रु.१,६१,९००।- समेत भुक्तानी गरेको देखिन्छ । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १३. | **राजस्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ मा राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहको लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णयदेखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता राखेको देखिएन । यसबाट स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । वर्तमान स्थानीय तहबाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।<br><br>यो वर्ष रु.४६ लाख आन्तरिक स्रोतबाट आम्दानी प्राप्त हुने अनुमान गरेकोमा जम्मा रु.१५,५८,३९०। राजस्व प्राप्त भएकोले अनुमानको तुलनामा ३३.८ प्रतिशत मात्र प्राप्त भएको देखियो । अनुमान गरिएको मध्ये व्यवसाय रजिष्ट्रेशन दस्तुर, लाभांश, नाता प्रमाणित दस्तुर आम्दानी नै भएको छैन् । आम्दानीको प्रक्षेपण यथार्थमूलक हुनुपर्दछ ।<br><br>नियमानुसार नगदी रसिद अनुसारको आम्दानी, दाखिला भएको नगदी रसिद प्रयोग र नगदी रसिद नियन्त्रण खाता राखी आन्तरिक आयको सुनिश्चितता गर्न तोकिए बमोजिमको अभिलेख राख्नुपर्दछ । | |
| १४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चलअचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको अवस्था छ । समग्र सम्पत्तिको अद्यावधिक अभिलेख तयार गर्नुपर्दछ । | |
| १५. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १६. | **स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन । | |
| १७. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष यसप्रकारको कोषको व्यवस्था गरेको देखिएन । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १८. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। कुनैपनि प्रकारका वितरणमूखी  कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा राक्सिराङ्ग गाउँपालिकाले बाख्रा, वीउ विजन वितरण लगायतका कार्यक्रममा समेत खर्च गरेको देखिन्छ। यसप्रकारका कार्यक्रमको उपलब्धि र उपयोग समेत सुनिश्चित हुनुपर्दछ। | |
| १९. | **विना प्रतिस्पर्धा खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा खरिद गर्न नमिल्ले साथै नियम ८५ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरिद योजना बनाई सिलवन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा रु.३०,९७,०४१।२५ को सामान ६ पटक सोझै खरिद गरेको पाइयो । खरिद कार्य गर्दा नियमको पालना हुनुपर्दछ । दुर्गम स्थानमा गाउंपालिका भएकोले पटक पटक खरिद गर्न परेको जवाफ प्राप्त भएपनि ऐनको पालना गर्नुपर्ने देखिन्छ। | |
| २०. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्य क्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिका कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत अद्यावधिक नभएको तथा व्यवसायीहरुबाट कुनै प्रकारको कर रकम सङ्कलन गरेको पाइएन । लेखापरीक्षणका क्रममा गाउँपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर यकिन गर्न सकिएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ। | |
| २१. | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराई सबै गाउँपालिकाहरुले Sub National Treasury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष उक्त सफ्टवेयर अद्यावधिक रुपमा प्रयोगमा ल्याएको छैन । | |
| २२. | **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष त्यसप्रकारको सार्वजनिक परीक्षण गरेको पाइएन। खर्चलाई पारदर्शी गर्न ऐनको व्यवस्था पालना गर्नुपर्दछ। | |
| २३. | **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । आ.व. २०७४।७५ मा गाउँपालिकाको २३८ योजना स्वीकृत भएकोमा ७ योजना सञ्चालन नै नभएको देखियो । यो वर्ष सञ्चालनमा आएका योजनामध्ये २६ योजना सम्पन्न भएका छैनन्। | |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २४. | **स्रेस्ता व्यवस्था** : पालिकाले आर्थिक कारोबारको स्रेस्ता अद्यावधिक रुपमा राख्नुपर्दछ । स्रेस्ता परीक्षण गर्दा गोश्वारा भौचरको क्रमसंख्या नमिलाएको, सो अनुसार बैङ्क नगदी कितावमा प्रविष्टि नभएको, बील भरपाई प्रमाणित नभएको, कर दाखिला भौचर सम्बन्धित गोश्वारामा भौचर साथ संलग्न नगरेको, निर्णय संलग्न नभएको लगायतका अवस्था देखिएका छन् । जसको कारण स्रेस्ता र सो बमोजिम खर्च भिडान गर्न कठिनाई भएको छ । स्रेस्ता व्यवस्थापन कार्य व्यवस्थित गरी अभिलेख दुरुस्त गर्नुपर्दछ । यस सम्बन्धमा छलफल गर्दा साविकमा Mannual स्रेस्ता राखेको र २०७५ वैशाखदेखि गाउंपालिकामा इन्टरनेट जडान भएको र शुत्रको तालिम समेत २०७४ फागुन महिनामा भई शुरुमा Mannual उठेको भौचरलाई शुत्रमा पोष्टि गर्दा समस्या सिर्जना हुन गएको पालिकाको भनाई रहेको छ । | |
| २५. | **समानीकरण अनुदान उपयोग** : वित्तीय समानीकरण अनुदान वापत यो वर्ष रु.२०,४०,४८,०००।- प्राप्त भएकोमा रु.१५,८६,२६,१६५।५० खर्च भई रु.४,५४,२१,८३४।५० (अर्थात २२.२६ प्रतिशत) मौज्दात रहेको देखियो । एकतर्फ पारित योजना सम्पन्न नहुनु र अर्कोतर्फ प्राप्त बजेट निष्क्रिय रहनुले पालिकाको खर्च उपयोग क्षमता सवल देखिदैंन । यो वर्षका स्वीकृत कार्यक्रममध्ये एकल महिला आय आर्जन, दलित तथ्याङ्क सङ्कलन, आरन सुधार जस्ता कार्यक्रम सञ्चालन भएको देखिएन । सञ्चालन गर्न सकिने कार्यक्रम तय गरी सो बमोजिम कार्यान्वयन समेत गर्नुपर्दछ । | |
| २६. | **बैङ्क हिसाव** : पालिकाको खाता र बैङ्क हिसाव भिडान हुनुपर्दछ । पालिकाको अभिलेख र बैङ्क मौज्दात भिडान हुने गरी अभिलेख राखेको देखिदैंन । बैङ्क हिसाव मिलान विवरण तयार गरेको छैन । वित्तीय विवरणमा बैङ्क मौज्दात रु.४,५४,२१,८३४।५० देखिएकोमा बैङ्कमा रु.४,८०,९७,३२१।९७ बांकी रहेको देखिन्छ । भुक्तानी हुन बांकी चेकको कारण बैङ्कमा बढी मौज्दात भएको जनाएकोमा सो सम्बन्धी विवरण तयार गर्नुपर्दछ । वर्षान्तमा स्थानीय संचित कोषबाट चालु खाता र पूंजीगत खातामा रु.१/१ करोड ट्रान्सफर गरेको देखिंदा वर्षान्तमा रकमान्तर गर्ने कार्य नियन्त्रण हुनुपर्दछ । | |
| २७. | **स्थानीय संचित कोष** : संचित कोषको बैङ्क खातामा वर्षान्तमा रु.४,८०,९७,३२१।४९ देखिएकोमा सोलाई भिडान हुने गरी स्रेस्ता अभिलेख अद्यावधिक गरेको देखिएन । प्राप्ति तथा खर्च देखिने गरी स्रेस्ता अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |
| २८. | **बैठक भत्ता** : पालिकाले गर्ने खर्च उपलब्धिमूलक र सार्थक हुनुपर्दछ । यो वर्ष पदाधिकारीको बैठक भत्तामा रु.१०,५७,८००। खर्च भएको छ । बैठक भत्ता भुक्तानी सम्बन्धमा गरिएका बैठकका केही निर्णयको परीक्षण गर्दा निम्नानुसार निर्णय गरी बैठक बसेको भत्ता भुक्तानी गरेको देखियो । उपलब्धिमूलक वास्तविक खर्चको मात्र भुक्तानी गरी अनावश्यक खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| वडा नं. | बैठक बसेको मिति | निर्णयका व्यहोरा | रकम |
|---|---|---|---|
| ५ | २०७४।६।३ | दशैं तिहारको शुभकामना आदान प्रदान गर्ने निर्णय | ६,०००/- |
| ५ | २०७४।१०।१४ | मासिक बैठक प्रत्येक महिनाको ३ र २० गते गर्ने निर्णय | ६,०००/- |
| २ | २०७४।९।८ | प्रत्येक महिना ५ गते बैठक बस्ने, बैठक | ६,०००/- |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | | भत्ता दिने निर्णय | |
| २ | २०७४।६।१४ | आवश्यकता अनुसार बैठक बस्ने निर्णय | ६,०००/- |
| ४ | २०७४।७।१९ | योजना अनुगमन गर्ने निर्णय | ६,०००/- |

२९. **विद्यालयलाई अनुदान** : स्थानीय तह अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकको लागि छुट्टै बजेट उपशीर्षकबाट बजेट निकासा भएको देखिन्छ । सोको अतिरिक्त निम्न विद्यालयलाई वित्तीय समानीकरणबाट तलवमा निकासा अनुदान दिएको देखियो । विद्यालय तथा शिक्षक समायोजनको कार्य नगरी आधार बेगर थप तलव अनुदान दिएको रकम नियमित नदेखिएको रु.

२३,२९,८०८/-

| सि.नं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | प्रजा जागृति आ.वि., बुडुले २, राक्सिराङ्ग | २४९,९००/- |
| २ | आधारभूत विद्यालय, ठूलो टोड्के, राक्सिराङ्ग | २६०,०००/- |
| ३ | बागेश्वरी आ.वि., राक्सिराङ्ग ९ | २६०,०००/- |
| ४ | आधारभूत विद्यालय, राक्सिराङ्ग ४, देवीटार | १००,०००/- |
| ५ | प्रजा जागृति नि.मा.वि., राक्सिराङ्ग | २९,९०८/- |
| ६ | कालिका मा.वि., राक्सिराङ्ग ९ | ३२५,०००/- |
| ७ | धिराङ्ग आ.वि. | २६०,०००/- |
| ८ | आधारभूत विद्यालय, जुरेथुम | २६०,०००/- |
| ९ | देवीथान प्रा.वि. | १९५,०००/- |
| १० | जनजागृति प्रा.वि. | १९५,०००/- |
| ११ | जनजागृति प्रा.वि.(विकुटार) | १९५,०००/- |
| | **जम्मा:** | **२,३२९,८०८/-** |

३०. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ ले रु.५ लाखभन्दा बढीको खरिद सिलवन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले अर्गानिक ट्रेड सेन्टर प्रा.लि. बाट रु.६,०२,९७२। को प्लाष्टिक त्रिपाल, वीउ लगायतको सामान खरिद गरेकोमा प्रतिस्पर्धा नगराएको देखिएको रु.

६,०२,९७२/-

३१. **यातायात खर्च :** महिला स्वास्थ्य स्वयंसेविकालाई यातायात खर्च वापत ४९ जनालाई रु.४,५६,०००। भुक्तानी गरेकोमा यस प्रकारको खर्च भुक्तानी दिन मिल्ने आधार संलग्न रहेको देखिएन । यसरी भुक्तानी गर्न मिल्ने आधार पेश नभएकोले पेश गर्नुपर्ने रु.

४,५६,०००/-

३२. **तलव भुक्तानी** : स्वीकृत कार्यक्रमको परिधिभित्र रही खर्च गर्नुपर्दछ । कार्यालयले यो वर्ष आदिवासी जनजाती चेपाङ्ग सम्बन्धी कार्यक्रमबाट विन्दुमाया प्रजालाई रु.१,०२,०००। र देउमाया प्रजालाई रु.४८,०००। समेत रु.१,५०,०००। तलव वापत भुक्तानी गरेको देखिएकोले खर्च अनियमित देखिएको रु.

१,५०,०००/-

३३. **कर विजक बेगर खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.२० हजारभन्दा बढीको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म वा संस्थासंगमात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खरिद कार्य मू.अ.कर दर्ता नभएका फर्मसंग खरिद गरेकोले अनियमित देखिएको रु.

६८,६३०/-

| भौ.नं. र मिति | बिक्रेता | सामान | रकम |
|---|---|---|---|
| ७-२०७४/५/३० | मनकामना पुस्तक | स्टेशनरी | ३८,६३०/- |
| १४३-२०७४/१२/५ | आशिष गृल उद्योग | फुटवल पोष्ट | ३०,०००/- |
| | | **जम्मा:** | **६८,६३०/-** |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३४. | **प्रतिस्पर्धा बेगर खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाखसम्मको सामान वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्रबाट खरिद गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सवारी साधन भाडा लिई रु.६,६७,४६५। भुक्तानी गरेकोमा प्रतिस्पर्धा बेगरको खरिद नियमित नदेखिएको रु. | ६,६७,४६५/- |
| ३५. | **दोहोरो भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कार्यालयले कुनैपनि रकम भुक्तानी दिदां रित पुगे नपुगेको जांच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं.८८ मिति २०७४।१२।१ बाट संचार खर्च वापत श्री दरशरथ गुरागांई (वडा सचिव) लाई २०७४ श्रावणदेखि फागुनसम्म ८ महिनाको प्रत्येक महिनाको रु.५००। को दरले रु.४,०००। र २०७४ श्रावणदेखि पौषसम्म ६ महिनाको प्रत्येक महिना रु.५००। को दरले रु.३,०००। समेत जम्मा रु.७,०००। भुक्तानी दिएको पाइयो । एकै अवधिको दोहोरो संचार खर्च भुक्तानी गर्न नमिल्ने देखिएकोले असुल गर्नुपर्ने रु. | ३,०००/- |
| ३६. | **बढी भुक्तानी** : दैनिक भ्रमण भत्ता नियमावली, २०६४ अनुसार तोकिएको स्वीकृत भ्रमण अवधिको मात्र दैनिक भ्रमण भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ४३ बाट श्री देवेन्द्र बहादुर प्रधान (लेखापाल) लाई अनुगमन खर्च वापत रु.६,७००। भुक्तानी गरेको छ । निजको स्वीकृत भ्रमण अवधि २०७४।८।५ देखि २०७४।८।९ सम्म रहेकोमा निजलाई २०७४।८।४ देखि ८।९ सम्म ५.२५ दिनको भत्ता भुक्तानी दिएको छ । स्वीकृत भ्रमण अवधिभन्दा १ दिन बढीको भत्ता भुक्तानी गरिएकोले निजबाट असुल गर्नुपर्ने रु. | १,२००/- |
| ३७. | **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । साना सहकारी कृषि सहकारी संस्थाबाट २०७५।३।१८ मा रु.१,८०,०००। को बाखा खरिद गरेकोमा १.५ प्रतिशतले कर कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु. | २,७००/- |
| ३८. | **कार्यक्रम बेगर खर्च** : प्राप्त बजेट तोकिएको कार्यक्रममा खर्च गर्नुपर्दछ । राक्सिराङ्ग ९ को लागि रु.१ लाख शौचालय निर्माण गर्ने कार्यक्रम रहेकोमा वर्षायामको कारण निर्माण सामग्री खरिद गर्न नसक्ने कारण देखाई कार्यक्रम बेगर पशुपति महिला समूहलाई बाखा वितरण गर्न भनी रश्मी तामाङ्गलाई पेश्की दिई पेश्की फछ्र्यौट गरेको पाइयो । स्वीकृत कार्यक्रम विपरित खर्च गरेको अनियमित देखिएको रु. | १,००,०००/- |
| ३९. | **पुरस्कारमा कर कट्टी** : युवा तथा खेलकूद कार्यक्रममा प्रथम हुने लोथोर युवा क्लवलाई रु.३०,०००। र रमन्टार युवा क्लवलाई रु.१५,०००। भुक्तानी गर्दा २५ प्रतिशतले कर कट्टी गर्नुपर्नेमा १५ प्रतिशतले मात्र कर कट्टी गरेको देखिंदा छुट कर रकम असुल गर्नुपर्ने रु. | ४,५००/- |
| ४०. | **अनुदान** : कार्यालयले यो वर्ष विभिन्न कृषक तथा कृषक समूहलाई बाखा, वीउ, फलफूलका विरुवा उपलव्ध गराएको देखिन्छ । त्यसरी उपलव्ध गराउंदा उपलव्ध गराएको अनुदान उपयोग गर्न मिल्ने कृषकको जग्गा भए नभएको, उपलव्ध गराएको अनुदान उपयोग भए नभएको सम्बन्धमा यकिन गरेको अवस्था छैन् । उदाहरणका लागि उन्नत मकैको वीउ वितरण गर्दा प्रतिव्यक्ति ८० के.जी. देखि २,७०० के.जी. सम्म वितरण गरेकोमा कृषकको जग्गाको क्षेत्रफल यकिन गरेको देखिदैंन । अनुदान उपलव्ध गराउंदा स्वीकृत नर्म्स्को पालना गरी उपयोगको समेत सुनिश्चितता गरिनुपर्दछ । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ४१. | **जिन्सी खाता :** खर्च नहुने सामान खर्च नहुने जिन्सी खाता (म.ले.प.फा.नं. ४७) मा अभिलेख राख्नुपर्नेमा रु.५५ हजारको मोवाइल सेट २ खरिद गरी म.ले.प.फा.नं. ५२ मा अभिलेख गरेको व्यहोरा आ.ले.प बाट औंल्याइएकोमा सुधार नगरेको रु. | ५५,०००/- |
| ४२. | **बीलभन्दा बढी भुक्तानी :** भौ.नं. २१ बाट संलग्न बील अनुसार रु.३,४०,१०९।९० भुक्तानी गर्नुपर्नेमा रु.३,४०,४६९। भुक्तानी गरेकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | ३५९/१० |
| ४३. | **प्रमाण बेगर भुक्तानी** : भौ.नं. ४९४ मिति २०७५।३।२७ बाट गौतम श्री मुक्तानलाइं २०७४ आश्विनदेखि फागुनसम्मको ओ.जि.टी. भत्ता भुक्तानी गर्दा आधार बेगर भुक्तानी गरेकोले अनियमित देखिएको रु. | ३०,०००/- |
| ४४. | **जे.सी.वी. प्रयोग :** भौ.नं. ५०० मिति २०७५।३।२७ अंकिता निर्माण सेवालाई जे.सी.वी. प्रयोग वापत रु.४,२६,५७५। भुक्तानी गरेको देखियो । संलग्न फाइलमा कामको परिमाण, सम्झौता, दररेट लगायतका कागजात संलग्न नरहेकोले पेश गर्नुपर्ने रु. | ४,२६,५७५/- |
| ४५. | **सम्पन्न नभएका योजना :** यस पालिकामा आ.व. २०७४।७५ मा विभिन्न शीर्षकको १९ वटा योजना तथा कार्यक्रमको लागि रु.२,२४,५५,७६०।- विनियोजन गरेको देखियो । आषाढ मसान्तसम्म ती योजनाहरुको लागि रु.१,५६,६७,०००।- ( करिव ७० प्रतिशत) रकम भुक्तानी भएको तथ्याङ्क पालिकाले पेश गरेको विवरणले देखाउंदछ । उक्त योजनाहरु लेखापरीक्षण अवधिसम्म सम्पन्न भएको पाइएन । सम्झौताको शर्त बमोजिम कार्य गराई योजना फरफारक गर्नुपर्दछ । | |
| ४६. | **कन्टिन्जेन्सी :** पालिकाले पेश गरेको विवरण अनुसार आ.व.२०७४।७५ मा कन्टिन्जेन्सी शीर्षकबाट रु.२०,११,९१३। खर्च भएको देखिन्छ । कन्टिन्जेन्सीको अभिलेख योजनागत रुपमा नराखिएको, सो शीर्षकबाट खर्च गर्दा योजनाबद्ध रुपमा नगरेकोले योजना अनुसार कन्टिन्जेन्सी खर्च भएकोमा आश्वस्त हुने अवस्था छैन । तसर्थ कन्टिन्जेन्सी खर्च उपलब्धि पुष्टी हुने गरी गर्नुपर्दछ । त्यसैगरी योजनागत अभिलेख राखी स्वीकृत नर्म्सको आधारमा खर्च व्यवस्थापन गर्नुपर्दछ । | |
| ४७. | **उपभोक्ता समिति** : सावैजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) अनुसार लागत अनुमान तयार गर्दाको समयमा सम्बन्धित प्राविधिकको सिफारिसमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको काम भनी उल्लेख भएको अवस्थामा बाहेक उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिष्ट्रिव्यूटर, विटुमिन व्याइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाउने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत गराएको अधिकांश निर्माण कार्यको लागत अनुमानमा हेभी मेशिनको दररेट समावेश नगरी मेशिन प्रयोग गरी निर्माण कार्य गराउने गरेको देखियो । हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको निर्माण कार्यहरुमा सम्बन्धित प्राविधिकको पुष्ट्याई सहितको सिफारिस लिई लागत अनुमानमा सोको दररेट सममावेश गराई मात्र उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउनुपर्दछ । | |
| | **पुंजीगत अनुदानतर्फ** | |
| ४८. | **गाउंपालिका भवन निर्माण** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ अनुसार कार्यसम्पादन जमानत दाखिला गरेपछि मात्र सम्झौता गर्नुपर्नेमा गाउंपालिका | |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | भवन निर्माणको लागि अङ्कित निर्माण सेवासंग २०७४।७।२० मा कार्य सम्पन्न गर्ने वरी रु.१९,३३,६६१। को सम्झौता भएकोमा कार्य सम्पादन जमानत सोको ५ प्रतिशतले रु.९६,६८३। राख्नुपर्नेमा विडवण्ड रकममा रु.३६,०००। नगदै दाखिला गरी रु.८७,६७२। मिति २०७४।८।२७ सम्म नगदै राखी २०७४।८।२७ मा निर्माण व्यवसायीलाई फिर्ता गरेको देखियो । कार्य सम्पन्न मिति २०७४।७।५ देखि त्रुटी सच्याउने मिति २०७५।८।४ सम्म राख्नुपर्ने जमानत २०७४।८।२७ मानै फिर्ता गरेको देखिएकोले नियम सम्मत नदेखिएको रु. | ९६,६८३/- |
| ४९. | **दर विश्लेषण** : योजनाहरुको लागत अनुमान तयार गर्दा दर विश्लेषण गरी सोको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा दर विश्लेषण बेगर गाउंपालिकाको हरेक स्थानका बाटो निर्माण कार्यमा एउटै दर राखी लागत अनुमान तयार गरेकोले वास्तविक लागत अनुमान तयार गरेको छैन । मेशिन प्रयोग गरी बाटो निर्माणमा Ordinary Soil को रु.५५।२३, Hard Soil को रु.१८४।१० र Medium Rock को रु.३६८।२० का दरले सबै योजनाको लागत अनुमान तयार गर्दा वास्तविक लागत अनुमान तयार गरेको छैन । वास्तविक लागत अनुमान तयार गरी सोको आधारमा सम्झौता हुनुपर्दछ । | |
| ५०. | **रकम अबण्डामा राखेको** : गाउंपालिकाको आ.व. २०७४।७५ को बजेट तथा कार्यक्रम अनुसार पूंजीगत बजेटतर्फ भैपरी योजनाहरुको लागि भनी रु.२०,००,०००। अबण्डामा राखेको देखियो । स्वीकृत बजेट तथा कार्यक्रमले गाउंपालिका क्षेत्रका सम्पूर्ण योजनाहरु छनौट गरी बजेट स्वीकृत हुनुपर्नेमा स्वविवेकिय हिसावले खर्च गर्ने गरी रकम अबण्डामा राख्नु उपयुक्त देखिएन । | |
| ५१. | **साना आयोजना** : पालिकाले परिणाममूखी योजना छनौट गरी सञ्चालन गर्नुपर्नेमा अत्यन्त स-साना आयोजना समेत सञ्चालन गरेको देखियो । साना आयोजना सञ्चालनभन्दा ठूला आयोजना छनौट गरी सञ्चालन गर्दा सो योजना परिणाममूखी हुने हुंदा पालिकाले ठूला तथा मझौला योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जसका उदाहरणहरु निम्न छन् : | |

| भौ.नं. तथा मिति | कार्य | लागत अनुमान | सम्पन्न | अनुदान |
|---|---|---|---|---|
| १५-२०७४/७/१३ | बाटो निर्माण | ६०,९३४/- | ६०,९३४/- | ४७,८५०/- |
| ६१-२०७४/१०/१५ | बाटो मर्मत राक्सिराङ्ग ३ | ३१,२२६/- | ३०,३७६/- | २५,०००/- |
| ७०-२०७४/१०/१९ | सडक मर्मत राक्सिराङ्ग ५ | ८८,९९२/- | ८८,९९२/- | ७५,०००/- |
| २२५-२०७५/२/८ | मुतसिदेखि औले बाटो मर्मत राक्सिराङ्ग ५ | ८८,९९२/- | ९०,३३९/- | ७५,०००/- |
| ३८०-२०७५/३/१३ | खा.पा. आयोजना राक्सिराङ्ग ९ | १७३,३२३/- | १७३,८४९/- | १५०,०००/- |

५२. **योजना फरफ रक नभएको** : उपभोक्ता समितिले सम्झौतामा तोकिएको समयमा काम सम्पन्न गर्नुपर्दछ । गाउंपालिकाले यो वर्ष सम्पन्न गर्ने गरी सम्झौता गरेका योजनाहरुमध्ये निम्न योजनाहरु फरफारक गरेको देखिएन । सम्झौताका शर्त अनुसार कार्य नगर्ने उपभोक्ता समितिलाई कानूनको दायरामा ल्याई योजनाहरु तोकिएको समयमै सम्पन्न गराई फरफारक गरी हस्तान्तरण समेत हुनुपर्दछ । यो वर्ष फरफारक नभएका केही योजनाको स्थित निम्नानुसार छ :

| सि. नं | योजनाको नाम | उपभोक्ता अध्यक्षको नाम | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने मिति | लागत अनुमान | अनुदान | यो वर्ष सम्पन्न अङ्क | गएको अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपारपानी सागेभावर | सिंहराम वुलुङ्ग | २०७४/१०/७ | २०७४/१२/३० | ६,६०४,३४७/- | ५,५००,०००/- | ५,७७५,१६९/- | ४,८०९,०००/- | दोस्रो रनिङ्ग |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुनौरासौर मइनटार सडक निर्माण योजना, राक्सिराङ्ग १, २, ३ | | | | | | | | बिलसम्म भुक्तानी |
| २ | मनहरी आंपखोल्सी सडक निर्माण राक्सिराङ्ग ५ | खुसीलाल प्रजा | २०७४/७/२९ | २०७४/१२/३० | ७,०२८,२६९/- | ५,८५०,०००/- | ३,९१२,०८४/- | ३,२५६,०००/- | „ |
| ३ | ढुंथली रिङ्गचाङ्ग घिराङ्ग गठलिङ्ग सडक योजना ७ | मनिराज प्रजा | २०७४/९/१९ | २०७४/१२/३० | १,८०१,००७/- | १,५००,०००/- | १,५५६,८८६/- | १,०९१,२५०/- | „ |
| ४ | संकरखोला पहिलो लघु जलविद्युत आयोजना राक्सिराङ्ग ७ | सन्त बहादुर प्रजा | २०७४/१०/१५ | २०७४/१२/३० | १,७८२,७६७/- | १,५००,०००/- | १,७५२,८७७/- | १,०९१,२५०/- | „ |
| ५ | हातीछाप दाप्राङ्ग गठलिङ्ग चरिमारा सडक राक्सिराङ्ग ७ | राम प्रसाद प्रजा | २०७४/१०/१४ | २०७४/१२/३० | ४,२०३,०९१/- | ३,५००,०००/- | ४,२१०,३६९/- | २,५४६,२५०/- | „ |

५३. **उपभोक्ता समितिले काम नगरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा कुनै कारणवश उपभोक्ता समितिले आफैले समयमा काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायलाई सूचना दिनुपर्ने व्यवस्था छ । गाउंपालिकाले यो वर्ष उपभोक्ता समितिसंग सम्झौता गरी सञ्चालन गरेको २ वटा सडक योजनाहरु सम्पन्न नगरी उपभोक्ता समितिले सम्झौता बमोजिम काम नगरी बिचैमा छाडेको देखियो । पालिकाले उपभोक्ता समितिलाई सम्झौताका शर्त तथा कानूनको दायमा ल्याई कारवाही गरेको देखिएन । उपभोक्ता समितिले कार्य सम्पन्न गर्न नसकेको कारण उल्लेख गरेको छैन । गाउँ कार्यपालिकाको २०७५।२।२७ को बैठकले उपभोक्ता समितिलाई कुनै कारवाही नगरी ती २ वटा सम्झौता रद्द गरी काम गर्न बांकी रु.५८,९९,२०६।- (अनुदान) को कार्य अन्य बैकल्पिक व्यवस्थाबाट कार्य गर्ने निर्णय गरेको छ । सोबाट पर्न सक्ने आर्थिक व्ययभार सम्बन्धमा सम्बन्धित उपभोक्ता समितिलाई कारवाही नगर्ने निर्णयकर्ताहरुलाई जिम्मेवार बनाई समयमै योजना सम्पन्न गर्नुपर्ने देखिन्छ ।

| सि. नं. | योजनाको नाम | उपभोक्ता समितिको नाम | लागत अनुमान | सम्झौता रकम | अनुदान | हालसम्म सम्पन्न कार्य | बांकी काम (कुल सम्झौता रकमको) | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | आंपखोल्सी दुतसिंह चैनपुर सडक | आंपखोल्सी दुतसिंह चैनपुर सडक नि.उ.स. राक्सिराङ्ग ५ | ७०,२१,४१५/- | ७०,२१,४१५/- | ५,८५०,०००/- | ४,२३८,३९४/- | २,७८३,०२१/- | २०७४/१२/३० |
| २ | मनहरी आंपखोल्सी सडक | मनहरी आंपखोल्सी सडक नि.उ.स. राक्सिराङ्ग ५ | ७०,२८,२६९/- | ७०,२८,२६९/- | ५,८५०,०००/- | ३,९१२,०८४/- | ३,११६,१८५/- | २०७४/१२/३० |
| | | | | | | **जम्माः** | **५,८९९,२०६/-** | |

५४. **कार्य सम्पन्न नभएको** : पालिका र डेभलपमेण्ट इभिनेशन नेपाल प्रा.लि. बीच २०७४।११।९ को सम्झौता अनुसार गाउंपालिकाको तथ्याङ्क सहितको गुरुयोजना तयार गर्न लागत अनुमान रु.६,९८,३४०। को ३० प्रतिशत ले पेश्की रु.२,०९,०००। मिति २०७५।१।२१ मा दिएको देखिन्छ । पेश्की दिदां वाणिज्य बैङ्कबाट जारी गरेको

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | अग्रिम भुक्तानी जमानत लिई पेश्की दिनुपर्नेमा जमानत नलिई पेश्की दिएको देखिन्छ । सम्झौता अनुसार २०७५।१।८ सम्ममा अन्तिम प्रतिवेदन पेश हुनुपर्नेमा प्रतिवेदन पेश गरेको देखिएन । सम्झौताका शर्त बमोजिम तयार भएको प्रतिवेदन पेश हुनुपर्ने रु. | ६,९८,३४०/- |
| ५५. | **गलत प्राविधिक प्रतिवेदन** : भौ.नं. ३८२ मिति २०७५।३।१२ बाट ताल्ति तर्लिङ्ग सडक निर्माण योजना, राक्सिराङ्ग ९ सञ्चालन गर्न ल.ई. रु.१८,०५,८२०।७६ तयार गरी सोमध्ये अनुदान रु.१५,००,०००। र श्रमदान रु.३,०९,५५४।३० व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भएकोमा प्राविधिकबाट नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन रु.१८,०९,५५४।३० को तयार गरेको तर अनुगमन समितिबाट अनुगमन गर्दा ९६ प्रतिशत मात्र कार्य सम्पन्न भएको प्रतिवेदनको आधारमा अनुदानबाट रु.६०,०६२। कट्टा गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । तर गलत प्राविधिक जांचपास तयार गर्ने प्राविधिकलाई कारवाही भएको छैन । | |
| ५६. | **संशोधित लागत अनुमान तयार नगरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा प्राविधिक पुष्ट्याई र कारण सहित मात्र भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । पालिकाले ठुलो टोङ्के कांकडा खैराङ्ग सडक निर्माण उपभोक्ता समिति, राक्सिराङ्ग ८ संग सडक निर्माण सम्झौता (२०७४।९।१४ मा रु.१२,००,०९९।४१ को) गरेको छ । सोमध्ये रु.१०,००,०००। अनुदान र बांकी श्रमदान हुने उल्लेख छ । सोको अन्तिम मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन रु.२२,५७,४८३।२९ पेश भएकोमा सम्झौताभन्दा रु.६,००,०००। बढी अर्थात रु.१६,००,०००। अनुदान दिने गाउंपालिकाको २०७५।३।२० को निर्णय गरी अनुदान रु.१६,००,०००। दिएको देखिन्छ । लागत बढ्नाको प्राविधिक पुष्ट्याई सहित संशोधित लागत अनुमान स्वीकृत गरी भुक्तानी दिनुपर्नेमा प्राविधिक पुष्ट्याई समेतको संशोधित लागत अनुमान बेगर दिएको भुक्तानी अनियमित देखिएको रु. | ६,००,०००/- |
| ५७. | **सोझै खरिद गरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार पांचलाख रुपैंयाभन्दा बढी खरिद गर्दा प्रतिस्पर्धात्मक रुपमा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले पल्लभी इलेक्ट्रा प्रा.लि. बाट १ थान १०० KVA ट्रान्सफरमर खरिद गरी भुक्तानी दिएकोमा नियमानुसार सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विशेष परिस्थितिमा खरिद गर्नु परेको कारण दर्शाई सिधै खरिद गरेकोले खर्च अनियमित देखिएको रु. | ५,१०,०००/- |
| ५८. | **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार आपूर्ति वापतको भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ५१५ मिति २०७५।३।२४ बाट जोशी वन नर्सरी, हेटौंडाबाट विभिन्न विरुवाहरु खरिद वापत नर्सरीलाई रु.४,४९,६५०।- भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर रु.६,०१२।- कट्टा गरेको नदेखिएकोले असुल गरी दाखिला हुनुपर्ने रु. | ६,०१२/- |
| | **तलव भत्ता अनुदान** | |
| ५९. | **अभिलेख** : गाउंपालिकाले शिक्षक शिक्षिकाहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी, दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । तसर्थ विद्यालयलाई बढी तथा दोहोरो तलव निकासा भएको छैन भनी आश्वस्त हुन सक्ने अवस्था | |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | छैन । गाउंपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । | |
| ६०. | **अवकाश पछि निकासा** : राष्ट्रिय मा.वि. शिलिङ्गेका प्रा. शिक्षक द्वि. वीर बहादुर थापा २०७४।९।१ मा अवकाश भएको आधारमा निजको नाममा दोस्रो चौमासिक निकासा रु.३०,४९५।- मात्र जानुपर्नेमा रु.१,२१,९८०।- गएको देखिएकोले बढी निकासा गएको रु.९१,४८५।- विद्यालयबाट फिर्ता गरी राजस्व खातामा दाखिला हुनुपर्ने रु. | ९१,४८५/- |
| | **सामाजिक सुरक्षा** | |
| ६१. | **सामाजिक सुरक्षा :** यो वर्ष कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको अनुदान रु.३,२५,५९,०००। प्राप्त भएकोमा सोमध्ये रु.३,१६,९९,८००। खर्च गरी बांकी रु.८,५९,०००। संघीय सचित कोषमा फिर्ता दाखिला गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :<br>(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिकाको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत मात्र वितरण गर्नुपर्ने नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले ९ वटै वडामा सेवाग्राहीलाई सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेको छ । तर मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन ।<br>(ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुदा नं. १० अनुसार गाउंपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहित मूल अभिलेख प्रत्येक वडामा राख्नुपर्ने, बुंदा नं. ११ अनुसार भत्ता पाउन अयोग्य भए लगत कट्टा गर्नुपर्ने, बुंदा नं. १६ अनुसार स्थानीय निकायले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिकको भत्ता आश्विनको दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको दोस्रो हप्ता र तेस्रो किस्ता जेष्ठको दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने व्यवस्था भएपनि सो अनुरुप गरेको देखिएन । पालिकाले फोटो सहितको अभिलेख तथा भत्ता पाउन अयोग्यको लगत अद्यावधिक गरेको देखिएन भने निर्देशिकाले तोकेको समय सीमाभित्र भत्ता वितरण समेत गरेको छैन् ।<br>(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुंदा नं. २८ बमोजिम कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन गरेको देखिएन । त्यस्तै बुंदा नं. ३५ अनुसार वडा सचिवले प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रम सार्वजनिक सुनुवाई गर्नुपर्ने, प्राप्त भएका गुनासा समाधान नभए स्थानीय निकाय कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएपनि सो अनुरुप भएको देखिएन । आगामी आ.व. मा भत्ता पाउनेको सूची मार्ग मसान्तभित्र स्थानीय तहको कार्यालय, वडा कार्यालय र सार्वजनिकस्थलमा प्रकाशन गर्नुपर्नेमा सूची तयार गरी प्रकाशन गरेको देखिएन । | |
| | **सर्शत अनुदान (स्वास्थ्य) तर्फ** | |
| ६२. | **बढी ग्रेड भुक्तानी :** कार्यालयबाट प्राप्त तलवी प्रतिवेदन अनुसार सि.अ.ह.व. सीमा मिश्रको ग्रेड वृद्धि हुने महिना आश्विन रहेको देखियो । निजले खाइपाइ आएको ग्रेड रु.३,०५१।- मा आश्विनदेखि १ ग्रेड वृद्धि गर्दा रु.४,०६८।- मात्र भुक्तानी हुनुपर्नेमा कार्तिक महिनामा रु.५,०८५।- खर्च लेखेको देखिएको हुंदा बढी भुक्तानी ग्रेड रकम असुल गर्नुपर्ने रु. | १,०१७/- |

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ६३. | **पारिश्रमिक कर :** देहायका कर्मचारीहरुको वार्षिक आय गणना गर्दा आयकर ऐन, २०५८ बमोजिम लाग्ने पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा घटी कट्टा गरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु. | ७,०९०/- |

| कर्मचारीको नाम | कार्यरत स्वास्थ्य चौकी | कट्टी पछिको कर योग्य आय | पारिश्रमिक कर दाखिला | | नपुग कर |
|---|---|---|---|---|---|
| | | | गर्नुपर्ने | गरेको | |
| सि.अ.हे.व. श्री सीमा मिश्र | सरिखेत | ४२९,५२७/- | ७,९८६/- | ३,८१०/- | ४,१७६/- |
| हे.इ श्री सूर्य बहादुर थिङ्ग | कांकडा | ४१९,१३०/- | ६,८६९/- | ३,९५५/- | २,९१४/- |
| | | **जम्मा:** | **१४,८५५/-** | **७,७६५/-** | **७,०९०/-** |

६४. **आन्तरिक नियन्त्रण :** बिभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा निम्नानुसारको व्यहोराहरु देखिएकाले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ :

- वार्षिक खरिद योजना तयार नभएको,
- जिन्सी निरीक्षण प्रतिवेदनको व्यहोरा कार्यान्वयन नगरेको,
- उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको,
- राजस्वको लगत तयार नगरेको,
- वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको,
- प्रतिस्पर्धात्मक खरिद आंशिक रुपमा अवलम्वन गरेको,
- खरिद सम्बन्धी अभिलेख व्यवस्थित रुपमा नराखेको,
- योजना छनौट भए तापनि सम्झौता भई कार्यान्वयनमा नल्याएको,
- वितरणमूखी कार्यक्रम सञ्चालन गरेको,
- पूँजीगत खर्चमा प्राथमिकता नअपनाएको,
- कोषहरुको कार्यविधि कानून नवनाएको,
- धरौटीको आयूगत वर्गिकरण नगरेको,
- कर तथा शुल्कका उपयुक्त आधार निर्माण नगरेको,
- संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको,
- ठेक्का अवधिमा कार्य सम्पन्न नगरी म्याद थप गरेको,
- नगदी रसिद नियन्त्रण खाता नराखेको,
- चालु प्रकृतिका खर्चलाई पूँजीगत खर्चमा विनियोजन गरेको,
- निर्माण कार्यमा लागत अनुमान तयार गर्दा समयावधि किटान नगरेको,
- भ्रमण खर्चको अभिलेख नराखेको र प्रतिवेदन आंशिक पेश गरेको,
- भुक्तानी भएका सबै बिलमा भुक्तानी छाप नलगाएको,
- कर्मचारीको भ्रमण आदेश गाउंपालिका अध्यक्षले स्वीकृत गरेको,

| दफा | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

- रसिद नियन्त्रण खाता तथा इन्धन खर्चको लगबुक नराखेको,
- राजस्व प्राप्तिको दायरालाई प्राथमिकीकरण नगरेको,
- राजस्वको अनुमान र प्राप्ति प्रक्षेपणमूखी र दायरामुखी बनाउन नसकेको,
- प्राप्ति तथा भुक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,
- विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको सार्थ विद्यालय मर्जरको कार्यक्रम अगाडी नबढाएको,
- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका बनाई कार्यान्वयनमा नल्याएको,
- एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण नगरेको,
- लेखापरीक्षणको लागि माग गरेको विवरण आंशिक रुपमा उपलव्ध गराएको ।

६५. **वित्तीय जवाफदेहिताको मुल्याङ्कन :** सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्याङ्कन गर्न तोकिएको सूचकको आधारमा मूल्याङ्कन गरी सोको आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकिय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको सिलसिलामा मूल्याङ्कन गर्दा कुल १०० अङ्कमध्ये **५२** अङ्क प्राप्त गरी "**सी**" ग्रेड प्राप्त गरेकोले थप सुधार गर्नुपर्ने देखिएको छ ।

६६. **बेरुजू :** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१ लाख १७ हजार, अनियमित बेरुजू रु.५१ लाख ५६ हजार, प्रमाण कागजात पेश नभएको रु. १६ लाख ३६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट कुनै बेरुजू फछ्र्यौट नभई रु.६९ लाख ९ हजार बेरुजू कायम भएको छ ।

६७. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नुपर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

(रु.हजारमा)

| गत वर्षको बेरुजु रकम | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| ७६,४६ | - | ७६,४६ |

पालिकाले पालिकामा समाहित भएका विगतका गाउं विकास समितिको पेश्की लगायतको बेरुजू अद्यावधिक गरेको छैन । विगतमा कायम भएका बेरुजू फछ्र्यौट गरेको देखिएन । कुल बेरुजूमध्ये रु.२०,४४,४८५।- पेश्की हालसम्म फछ्र्यौट भएको देखिदैंन । बेरुजू लगत अद्यावधिक गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

६८. **अद्यावधिक बेरुजु स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

(रु.हजारमा)

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजु | यो वर्षको कायम बेरुजु | बाँकी |
|---|---|---|---|
| ७६,४६ | - | ६९,०९ | १,४५,५५ |

**अनुसूची - १**

## राक्सिराङ्ग गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मकवानपुर | राक्सिराङ्ग गाउँपालिका | ४२ | २३ | ६,९०९ | ० | ० | ० | ४२ | २३ | ६,९०९ | ११७ | ५,१५६ | १,६३६ | - | - | ६,९०९ | - | - | - |
| २. | | | | | | | | | ० | ० | ० | | | | | | ० | | | ० |
| ३. | | | | | | | | | ० | ० | ० | | | | | | ० | | | ० |

**अनुसूची - २**

## सञ्चित कोष विवरण
## २०७४।७५

**प्रदेश नम्बर :- ३**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १. | राक्सिराङ्ग गाउपालिका कार्यालय | मकवानपुर | ७,१५० | २०४,०४८ | ११७,३५० | ३,२७७ | ३२४,६७५ | १४२,३२० | १४३,२९२ | ५१५ | २८६,१२७ | ४५,६९७ |